# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# हेकुली, दाङ
# लुम्बिनी प्रदेश, नेपाल

# आ.ब. २०७९/०८० को

# नीति तथा कार्यक्रम

वि.सं. २०७९।०३।१०

**आदरणीय यस गरिमामय सभाका सदस्यज्यूहरु,**

नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्रात्म शासन प्रणालीको व्यवस्थासँगै पहिलो ५ वर्षको स्थानीय सरकारको अभ्यास हामीले पुरा गरेका छौं । हालै सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामी विजयी भएर गाउँपालिकाको दोश्रो कार्यकालको लागि नेतृत्वमा आएका छौं । हामीलाई आफ्नो अमूल्य मत दिई विजयी गराउनु हुने सम्पूर्ण दंगीशरण वासीहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

नेपाल राष्ट्रको रक्षा, सामाजिक, आर्थिक, राजनैतिक रुपान्तरण, बलिदान र आन्दोलनमा योगदान पुऱ्याई सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञान अज्ञात सहिदप्रति म भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

जन चाहना अनुरुप नागरिकको घरदैलोमा सेवा प्रदान गर्ने आधार स्तम्भको रुपमा रहने स्थानीय तहको निर्वाचनले प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणालीको जगलाई अझ मजबुत बनाएको छ । नयाँ जनादेश सहित स्थानीय तह गठन भएसँगै लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रही दिगो शान्ति, सुशासन, विकास र समृद्धिको चाहना पूरा गर्ने दिशातर्फ अग्रसर रहन थप सवल आधार हामीलाई प्राप्त भएको छ ।

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको बार्षिक बजेट तथा योजना तर्जुमा दिग्दर्शन २०७८ ले दिएको अधिकार प्रयोग गर्दै संघीय र प्रादेशिक विषयगत नीति तथा योजनाहरु, नेपालको दिगो विकास लक्ष्यको अवस्था र मार्ग चित्र २०१६-२०३० को मार्गदर्शन तथा सार्वभौमसत्ता सम्पन्न जनता र ती जनताका निर्वाचित जनप्रतिनिधिहरुको हैसियतले दंगीशरण गाउँपालिकाको आ.ब. २०७९।०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको अनुभूति भएको छ ।

**सभाका सदस्यज्यूहरु**

स्थानीय सरकारको पहिलो कार्यकालमा निवर्तमान जनप्रतिनिधिहरुले दंगीशरणलाई विकास र समृद्धिको यात्रामा निरन्तर अगाडि बढाउने प्रयास गर्नुभएको थियो । पहिलो कार्यकालमा भएका केही महत्वपूर्ण कामहरुलाई यो विशेष अवसरमा उच्च सम्मानकासाथ स्मरण गर्न चाहन्छु ।

१. गाउँपालिकालाई आवश्यक पर्ने विभिन्न विषयका २९ वटा ऐन,४ वटा नियमावली, ४ वटा मापदण्ड, २८ वटा कार्यविधि र ९ वटा नीति निर्माण ।
२. गाउँपालिका तथा सबै वडा कार्यालय, सामुदायिक माध्यामिक विद्यालयमा सूचना प्रविधिको पहुँच, बहु उद्देश्यीय सभाहलको निर्माण, वडा नम्बर ४, ५ र ७ नम्बर वडाको कार्यालय भवन निर्माण सम्पन्न । गाउँपालिकाको प्रशासनिक भवन निर्माधिन ।
३. न्यायिक समितिमा आएका उजुरीहरुको मेलमिलापका माध्यामबाट न्याय सम्पादन गर्ने कार्यमा प्राथमिकता ।
४. मूल सडकबाट गाउँपालिकाको केन्द्रसम्म जोड्ने सडक कालोपत्रे ।
५. योजनावद्ध विकासको प्रयास स्वरुप गाउँपालिका यातायात गुरुयोजना निर्माण ।
६. सर्वसुलभ आधुनिक भौतिक पूर्वाधारको निर्माण कार्यको शुरुवात ।
७. गाउँपालिकामा ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन, बागरमा १५ सैयाको अस्पतालको भवन निर्माणाधिन ।

८. सवैजसो विद्यालयहरुको न्युनतम भौतिक पूर्वाधार निर्माण, न्युनतम शिक्षकको व्यवस्था,वालीविज्ञानतर्फ प्राविधिक धारको विद्यालय सञ्चालन र नमूना विद्यालय विकास कार्यक्रमको सञ्चालन ।
९. सामुदायिक विद्यालयवाट एस ई ई उत्तिर्ण गरी सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा विज्ञान विषय पढ्ने छात्र छात्रालाई छात्रवृतिको व्यवस्था ।
१०. गाँउपालिकाको समग्र तस्विर प्रतिविम्ब हुनेगरी Digital profile निर्माण ।
११. भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुलाई जग्गाधनी लालपुर्जा वितरणको लागि सात वटै वडामा कन्ट्रोल प्वाइन्ट स्थापना,लगत संकलन तथा डाटा इन्ट्रीको काम सन्पन्न ।
१२. सुरक्षित आवास कार्यक्रम अन्तर्गत खरको छाना रहेका २५१ घरपरिवारहरुलाई जस्तापाता वितरण, यसै कार्यक्रम अन्तर्गत जस्तापाता तथा काठ खरिदका लागि १७५ जनालाई अनुदान वितरण ।
१३ कोभिड १९ को महामारीबाट नागरिकको जीवनरक्षाका लागि अस्थायी कोभिड अस्पताल सञ्चालन ।
१४ वित्तीय शुसासनका लागि प्रगति विवरणको सार्वजनिकीकरण ।
१५ पर्यावरण संरक्षण र सिंचाइ सुविधाका लागि जलासय निर्माण । लिफ्ट सिंचाइ आयोजनाको निर्माण । साना ठूला गरी १२२ वटा सिंचाइ योजना सम्पन्न ।
१६ उत्पादन तथा उत्पादकत्व अभिवृद्धिका लागि कृषि तथा पशुका क्षेत्रमा अनुदानमा आधारित कार्यक्रम सञ्चालन, सीतभण्डार केन्द्र निर्माणाधिन ।
१७ खानेपानीको पहुँच अभिवृद्धिका लागि प्रदेश र स्थानीय सरकारको साझेदारीमा आयोजना सञ्चालन ।

**सदस्यज्यूहरु**

विगतमा लिइएका नीति, कार्यक्रम र वजेटबाट प्राप्त उपलब्धीहरुलाई सस्थागत गर्दै, निर्वाचनको समयमा जनता सामू गरेका प्रतिवद्धतालाई हृदयङ्गम गर्दै, अव म गाउँपालिकाले आर्थिक वर्ष २०७९ ।०८० मा अंगिकार गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।
**"हाम्रो परिकल्पना, समृद्ध दंगीशरण"** भन्ने दिर्घकालीन सोचका साथ सन्तुलित विकासको माध्यमबाट जनतामा समृद्धि हासिल गरी आम नागरिकलाई शुसासनको अनुभूति दिलाउने प्रमुख लक्ष्य अनुरुप हाम्रा क्रियाकलापहरु संचालित हुनेछन् । उपयुक्त सोंच र लक्ष्यबाट क्रियाकलापहरुलाई निर्देशित गर्दै निम्न उद्देश्यहरु पूर्ति गर्ने तर्फ अग्रसर रहनेछौं ।

क. भौतिक पूर्वाधार विकासका लागि मार्ग चित्र तयार गरी कार्यान्वयन गर्ने ।
ख. योजना निर्माणको प्रकृयादेखि श्रोत परिचालन, कार्यान्वयन, अनुगमनमा स्थानीय जनसमूदायको सक्रिय सहभागिता गराई नतिजामुखी विकासलाई प्राथमिकता दिइने छ ।
ग) बाटो, विजुली, खानेपानी तथा पूर्वाधार विकास, व्यवस्थित बसोबास, कृषि क्षेत्रको आधुनिकिकरण, यान्त्रीकीकरण तथा व्यवसायीकरण गरिने छ ।
घ) व्यवसायिक शिक्षा गुणसतरीय तथा सर्बसुलभ स्वास्थ्य सेवा, सर्वशुलभ सामाजिक सुरक्षालाई प्राथमिकता दिइने छ ।
ङ) समामाज रहेको गरिवी, कुपोषण, निरक्षरता न्यूनिकरण गरिने छ ।
च). सेवा प्रवाह लगायत विकास कार्यमा सुशासनको प्रत्याभूति प्रदान गर्ने ।

**जसबाट देहाय बमोजिमका उपलब्धीहरु हुने अपेक्षा गर्दछु ।**

१.आधुनिक प्रविधिको प्रयोग गरी कृषि र पशुपालनमा व्यवसायीकरण भई उत्पादन दोब्बर बृद्धि हुने ।

२. पालिकाको हरेक वडा तथा गाउँ बस्तीमा यातायातको सहज पहुँच पुग्ने छ ।

३. गाउँपालिकाका हरेक नागरिकलाई सुद्ध पिउने पानीको व्यवस्था हुने छ ।

४. गुणस्तरीय, रोजगारमूलक एवं प्रविधि मैत्री शिक्षामा सबै बालबालिकाको पहुँच पुग्ने

५. खेती योग्य सबै जमिनमा सिचाईको प्रर्याप्त व्यवस्था मिलाई उत्पादनमा दोव्वर बृद्धि गर्ने,

६. गाउँपालिका सबै नागरिकलाई विजुली वत्तिको व्यवस्था गर्ने ।

७. गाउँपालिकाको सबै नागरिकहरुको आर्थिक एवं सामाजिक विकास हुने ।

**सभासदस्य ज्यूहरु,**

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान २०७२ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिबद्धताहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय घोषणापत्रहरु, दिगो विकास लक्ष्य, पन्ध्रौ पञ्चवर्षीय योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र जनप्रतिनिधि तथा विज्ञहरुको राय सुझाव समेतलाई बार्षिक नीति तथा कार्यक्रम निर्माणका आधारका रुपमा लिएको छु ।

स्थानीय तहको बार्षिक बजेट कार्यान्वयन गर्दा गाउँ, टोल भेला, समूहमा छलफल गरी टोल विकास संस्था वा अन्य यस्तै प्रकृतिका सामूदायिक संस्थाहरु परिचालन गर्ने व्यवस्था अबलम्बन गरिएको छ ।

**सभासदस्य ज्यूहरु**

अब म क्षेत्रगरुपमा गाउँपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क. आर्थिक विकास सम्बन्धि नीतिः**

**अ. कृषि तथा पशुपन्छीः**

१. किसानहरुको सूचीकरण र वर्गीकरण गरी कृषि सामाग्री तथा कृषि सेवामा नागरिकको पहुँच सुनिश्चित गरिने छ ।

२. स्थानीय स्तरमा कृषि प्रवर्द्धनका लागि आवश्यक ऐन, नीति निर्देशिका तयार पारी कृषिको बृहत्तर विकास गरिने छ ।

४. जमिनको भू उपयोग नीति बनाई आवास क्षेत्र तथा कृषि योग्य जमिनको बर्गीकरण गरिने छ ।

५. निर्वाहमुखी खेती प्रणालीलाई दुरुत्साहित गरी व्यवसायिक कृषि प्रणालीलाई प्रोत्साहन गर्ने

६. व्यवसायिक खेती गर्ने किसानहरुलाई सहुलियत प्रदान गर्न विभिन्न खालका कृषि अनुदानको व्यवस्था गर्ने ।

७. आधुनिक प्रविधिबाट खेती गर्ने किसानहरुलाई प्रविधि, यन्त्र उपकरण तथा सिपमुलक तालिमको व्यवस्था गर्ने ।

८. परम्परागत रुपम संचालन भएका कुलोलाई पक्की बनाई झाला रहित सिंचाई प्रणालीको व्यवस्था गरी कृषि उत्पादनमा बृद्धि गरिने छ ।

९. साना किसानका लागि कृषि तथा पशु विमाको व्यवस्था गर्नका लागि आवश्यक कार्यविधि तयारी गरी कार्यान्वयन गरिने छ ।

१०. पालिकाका सवै वडामा साना तथा मध्यम खालका कृषि व्यवसाय स्थापना सहयोग गर्ने ।

११. बाँझो जमिन उपयोगका लागि बीउ मल तथा आवस्यक सामाग्रीमा अनुदान उपलब्ध गराइने छ। ।
१२. माटोको उर्वरा शक्ति सुधार गर्न माटोमा जैविक पदार्थ वढाउदै लैजान माटो सुधारका लागि आवस्यक कार्यक्रम तथा जैविक मल उत्पादन तथा वितरण गरिने छ।
१३. उत्पादन लागत घटाउन कृषि यन्त्र प्रयोगमा जोड तथा कृषि यन्त्रमा अनुदानमा वितरण गरिने छ।
१४. वजार माग तथा आपुर्ति अवस्था विश्लेषण गरी कृषकलाई मागमा आधारीत उत्पादन कार्यक्रम अनुदान सहयोग कार्यक्रम संचालन गरिने छ।
१५. गुणस्तरीय कृषि तथा पशु उत्पादनका लागि सीपमुलक तालिम प्रदान गरिने छ।
१६. संकलन केन्द्रहरु, कोल्ड स्टोर, गोदाम घर निर्माण, खुद्रा तथा थोक खरिद केन्द्रहरु, हाट वजार, कृषि प्रदर्शनी निर्माण कार्य गरिने छ।
१७. उत्पादन वृद्धिका लागि विभिन्न उन्नत विउ/हाइब्रेड विउ विजन वितरण  गरिने छ।
१८. सिचाई सुविधाका लागि आवस्यक कार्यक्रम संचालन गरिने छ।
१९. दैनिक खानामा आयातित उत्पादनको सट्टा स्थानिय उत्पादनलाई प्रयोग गर्न प्रोत्साहन गरिने कार्यक्रम संचालन गरिने छ।
२०. माहुरी,च्याउ फार्म निर्माण  तथा क्षेत्र विस्तारका लागि आवस्यक कार्यक्रम संचालन गरिने छ।
२१. दंगीशरण गाउँपालिका भित्र क्रियाशील कृषि समुह र सहकारीहरु समेतको सहकार्यमा व्यवसायिक जीविकोपार्जन गर्न सीप र ज्ञानको विकास गरिनेछ।
२२. गाउँपालिकामा फलफूल खेतीको विकास विस्तारका लागि वागवानी नर्सरी स्थापना तथा विरुवा वितरण गर्ने कार्य सञ्चालन गरिनेछ।
२३. खाद्यान्न वालीको उन्नत/हाइव्रेड विऊ उपयोगमा मुल्य अनुदान, उन्नत विऊ वितरकलाई प्रोत्साहन अनुदान, उन्नत विउ उपयोग अनुगमन निरिक्षण गरिनेछ।
२४. पशु नश्ल सुधार गरी उन्नत जातका पशुको विस्तार मार्फत उत्पादकत्व बृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
२५. बिभिन्न माहामारी रोगहरु (HSBQ, FMD, PPR, Swinfever) उपचार तथा नियन्त्रण गर्नका लागि भ्याक्सीनेटर खोप सेवा संचालन  गरिनेछ।
२६. पशु व्यवसायलाई व्यवसायिकरण गर्न पशुआहारा बिकास कार्यक्रम संचालन गरिने छ।
२७. माछामा आत्म निर्भर वनाउन मत्स्य बिकास कार्यक्रम संचालन गरिनेछ।
२८. दुध तथा मासु उत्पादन गर्ने कृषकहरुको क्षमता अभिबृद्धिका लागि विभिन्न तालिमहरुको ब्यवस्था गरिने छ।
२९. बढी आयात हुने कृषि बाली बस्तु उत्पादन क्षेत्रको निर्धारण गरी बजारमुखी व्यवसायिक योजना विकासमा सहयोग गर्ने।
३०. गुणस्तरीय विउ विजन, पशुपन्छी नश्ल तथा माछाको भूराको उपलब्धता सुनिश्चिता गरिने छ।
३१. कृषि योग्य जमिनमा विद्युत प्रशारण लाइनको व्यवस्था गरी कृषि उपज तथा पशुपन्छी उत्पादन र मत्स्य पालनका कार्यका लागि आवश्यक सहयोग गरिने छ।
३२. कृषि उत्पादन योजना सहितको उत्पादन तथा प्राथमिक प्रशोधन कार्यक्रम संचालन गरी उत्पादन पछिको क्षति कम गर्न गोदाम घर निर्माण, ग्रेडिङ तथा प्याकेजिङका संरचनाको स्थापना गरिने छ।
३३. गाउँपालिकाले अन्य स्थानीय निकायसँग सकार्य गरी कृषि बजारको व्यवस्थापन गर्न कार्यक्रम संचालन गरिने छ।
३४. नदी कटानबाट प्रभावित कृषि योग्य जमिनलाई भौतिक संरचना निर्माण गरी कृषि योग्य जमिनको संरक्षण गरिने छ।

३५. गाउँपालिकामा धान पकेट विकास कार्यक्रम, बाख्रा पकेट विकास कार्यक्रम, मैकै पकेट विकास कार्यक्रम, तरकारी खेती पकेट विकास कार्यक्रम विस्तार गरिने छ ।
३६. आर्गानिक खेती तथा वेमौसी खेती खेती प्रवर्द्धनमा जोड दिइने छ ।
३७. छाडा चौपाया नियन्त्रणका लागि गौशालाको व्यवस्थापन गरिने छ ।
३८. ३ कठ्ठा तरकारी खेती, १ कठ्ठा फलफूल, २० वटा बाख्रा, ५ वटा बांगुर, ५ वटा भैसी, ५ वटा गाई, २ सय वटा कुखुरा, २ कट्ठा क्षेत्रफलमा माछापाल र २ कठ्ठा क्षेत्रफलमा मसाला खेती गर्ने कृषकहरुलाई अनुदान उपलब्ध गराइने छ ।

**आ. उद्योग तथा वाणिज्यः**

१. गाउँपालिकामा उत्पादित कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
२. स्थानीय तहमा संचालन हुने उद्योगहरुमा निश्चित प्रतिशतमा स्थानीय रोजगारी दिनुपर्ने व्यवस्था गरिने छ ।
३.स्थानीय स्तरमा लगानीको माहोल बनाउनका लागि स्थानीय राजनीतिक अगुवा, कर्मचारी, शिक्षक र नागरिक समाजलाई उद्यमशिलता र लगानीको महत्वबारे अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।
४.साना तथा घरेलु उद्योग संचालन तथा उद्यमीहरुको क्षमता अभिबृद्धि, वित्तिय व्यवस्थापन, कच्चा पदर्थको व्यवस्थापन र बजारीकरण, बजार सूचना केन्द्रका विकास गरिने छ ।
६. प्रविधि, बजार रोजगारी र लगानी अभिबृद्धिका लागि निजी क्षेत्र, विकास साझेदार संस्थाहरु, गैर सरकारी संस्था र सरकार अन्य निकायहरुसँग सहकार्य गरिने छ ।
७. स्थानीय उत्पादन, कच्चा पदार्थ श्रोतहरुको पहिचान गरी लगानीको नीति बनाई स्थानीय तहमा उद्योगहरुको प्रबर्द्धन गरिने छ ।

**इ. पर्यटन :**

१. स्थानीय स्तरमा स्थापित तथा उदियमान गन्तव्यहरुसम्म  सहज र सुलभ पहुँचका लागि गुणस्तरीय पूर्वाधार विकास, विस्तार र स्तरोन्नति गरिने छ ।
२. नयाँ पूर्वाधारको निर्माण गर्दा स्थानीय तहको पहिचान झल्किने र पर्यटकहरुका लागि आकर्षण बन्न सक्ने डिजाइनमा निर्माण गरिने छ ।
३. पर्यटकीय क्षेत्रहरुको पहिचान झल्किने र अवस्थिति स्पष्ट देखिने गरी सार्वजनिक स्थानहरुमा नक्सा सहितका होडिङ बोर्डहरु राखिने छ ।
४. स्थानीय जिवन शैली, परम्परागत कला र सीप तथा कृषि जस्ता पक्षलाई पर्यटकीय गतिविधिका रुपमा विकसित गर्न सहजीकरण गर्ने ।
५. दंगीशरण गाउँपालिकाको गौरव राजा दङ्गीशरणसँग जोडिएको ऐतिहासिक स्थल दङ्गीशरणमा निर्माणाधीन दङ्गीशरण पार्क तथा थारु सांस्कृतिक ग्रामलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने गरी संघ र प्रदेश सरकार समेतको सहकार्यमा एउटा साँस्कृतिक संग्रहालय निर्माण गर्ने ।
७. दंगीशरण गाउँपालिका भित्र रहेको मठ मन्दिर, भुह्यार ठानहरुको संरक्षण र सम्बर्द्धन गर्न विशेष जोड दिइने छ ।
८. गाउँपालिका भित्र विभिन्न स्थानमा निर्माणधिन रहेका हाइड्यामहरु, ताल तलैयाहरुको संरक्षण गरी पर्यटन स्थल निर्माणमा जोड दिइने छ ।

**ई. सहकारी, उद्यमशिलता तथा वित्तीय क्षेत्रः**

१. सहकारी क्षेत्रमा सुशासन कायम गरी मर्यादित बनाउन पालिका स्तरमा प्रभावकारी नियमन, सहकारी संघ संस्थाहरुलाई एकिकरण गरी गरी व्यवसायिकरण र गुणस्तरमा विकास गरिने छ ।

२. सहकारीहरुको क्षमता विकासका लागि विभिन्न प्रवर्द्धधनात्मक तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी प्रविधि मैत्री सहकारीको व्यवस्था गर्न पहल गरिने छ ।

३. सक्रिय सहकारीहरुलाई प्रोत्साहित गर्न आवश्यक क्षमता विकास र जीविकोपार्जनका कार्यक्रम सञ्चालन गरिने छ ।

४. सहकारीहरुलाई उत्पादनसँग जोड्न प्रेरित गरी कृषि जन्य बस्तु, मल, विउ, यन्त्र उपकरण आदि सहकारी संघ संस्था मार्फत विक्री वितरण गर्ने व्यवस्थालाई व्यवस्थित र प्रभावकारी बनाइने छ ।

५. सहकारीले सञ्चालन गर्ने स्थानीय स्रोत साधनमा आधारित र रोजगारी सिर्जना गर्ने उद्योग व्यवसायहरुलाई प्रोत्साहित गरिने छ ।

६. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रबर्द्धन गर्न सिपमूलक तालिमको व्यवस्था गरी उत्पादित बस्तुहरुको बजारीकरणको लागि आवश्यक सहयोग गरिनेछ ।

७. सहकारीको पूँजीलाई उत्पादन मूलक क्षेत्रमा परिचालन गर्न प्रोत्साहन गरिने छ ।

८. कृषिमा आधारित उद्योग स्थापना गर्न नीजि क्षेत्रलाई  प्रोत्साहन गरी कृषि उद्यमसिलता विकासमा नव पर्वतकहरुलाई प्रोत्साहन गरिने छ ।

९. कृषि उद्यम विकास केन्द्रको स्थापना गरी नाफामूलक कृषि उद्यम विकास योजना निर्माणमा सहयोग गर्न आवश्क पहल गरिने छ ।

१०.उत्पादन प्रशोधन, लजिष्टिक व्यवस्थापन, बजारिकण तथा प्रविधि सेवा आदिमा प्रोत्साहन दिई बजारीकणका लागि विद्युतीय सूचना प्रविधिको प्रयोगमा प्रोत्साहन गरनि छ ।

**उ. श्रम तथा रोजगारी**

१. रोजगार सेवा केन्द्र मार्फत वेरोजगार व्यक्तिहरुको लगत संकलन गरी उचित रोजगारी प्रदान गर्नको लागि श्रम वैंकको स्थापना गरिने छ ।

२. रोजगार सेवा केन्द्रमा सूचीकृत भएका वेरोजगारहरुलाई न्युनतम १०० दिनको रोजगारी सुनिश्चित गरिनेछ । प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी वनाउनको लागि स्थानिय तहवाट समेत लागत साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।

३. रोजगारीको खोजीमा रहेकाहरुको सहयोगको लागि रोजगार बैंकले सूचना उपलब्ध गराउने तथा सहजकर्ताको काम गरी विभिन्न रोजगारीका तालिम संचालन गरिने छ ।

४. निजी क्षेत्र, प्रदेश सरकार संघमा रहेका विभिन्न निकायहरुसँग समन्वय गरी यूवाहरुलाई उनीहरुको चाहना, आवश्यकता र राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको वर्तमान र भविष्यमा हुनसक्ने माग अनुसारका प्राविधिक तथा व्यवसायिक शिक्षा, तालिम र सीपको व्यवस्था मिलाइने छ ।

५. स्थानीय तहमा संचालन हुने उद्योगहरुमा निश्चित प्रतिशत स्थानीय रोजगारी दिनुपर्ने व्यवस्था मिलाईने छ ।

६. स्थानीय श्रमको लागि विदेश जानुपर्ने अवस्थाको क्रमशः अन्त्य गरिने छ । बैदेशिक रोजगारमा जानेहरुका लागि जानुपूर्व सीप  दक्षता अभिबृद्धिका लागि रुची, क्षेत्र, आवश्यकता अनुसार सीपमुलक तालिमको उपलब्ध गराइने छ ।

७. श्रमिकको न्युनतम ज्याला, आधारभूत श्रम अधिकार र श्रम मापदण्डको कार्यान्वयन गरी महिला पुरुषको ज्यालामा समानता कायम गरिने छ ।

८. स्थानिय स्तरमा संचालन हुने सडक, सिचाई, पुल, भवन, नदी नियन्त्रण लगायतका संघ, प्रदेश र स्थानीय तहका योजना तथा कार्यक्रममा रोजगार सेवा केन्द्रमा सुचीकृत व्यक्तिलाई काममा लगाउने व्यवस्था मिलाईने छ।
९. प्रधानमन्त्री रोजगार कार्यक्रमसंग समन्वय गरी सूचीकृत भएका वेरोजगार व्यक्तिहरुलाई सीपमूलक तालिमहरु समेत प्रदान गरिनेछ।

**ख. सामाजिक विकास सम्बन्धि नीतिहरुः**

अ. शिक्षा :

१. न्युनतम विद्यार्थी संख्या पुगेका र अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक नभएका आधारभूत तह ६, ८ र मा वि तह ९ र १० सञ्चालित विद्यालयलाई एकमुष्ट अनुदान उपलब्ध गराइने छ।
२. विद्यार्थीको पठनपाठनमा गुणस्तर कायम गर्न शिक्षकहरुलाई विद्यार्थीको सिकाइ प्रति जवाफदेही हुने वातावरण सिर्जना गरिने छ।
३. शिक्षकहरुको नियमिततालाई प्रभावकारी बनाउन मासिक हाजिरी विवरण वि.व्य.स. अध्यक्ष वडा अध्यक्षबाट प्रमाणित गर्ने व्यवस्था मिलाइने छ।
४. भूगोल र विद्यार्थी संख्याको आधारमा सामुदायिक विद्यालयको कक्षा समायोजन गर्ने नीति लिइने छ।
५. कक्षा ८ र १० का विद्यार्थीको सिकाइ उपलब्धीमा सुधारका लागि अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था मिलाइने छ।
६. सामुदायिक विद्यालयबाट कक्षा १० उत्तीर्ण भई कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययन गर्ने छात्रछात्रालाई मासिक छात्रवृत्तिको व्यवस्था मिलाइने छ।
७. संविधानको भावना अनुसार निःशुल्क शिक्षा सुनिश्चितताको लागि विद्यार्थी संख्याका आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराइने छ।
८. कक्षा १ देखि १० सम्म गणित र विज्ञान विषय अंग्रेजी माध्यमबाट पठनपाठन गराउन विद्यालयलाई प्रोत्साहन गरिनेछ।
९. प्राविधिक धार सञ्चालन भएका विद्यालयमा साझेदारीमा उद्यम क्रियाकलाप सञ्चालनका लागि अनुदान उपलब्ध गराइने छ यसबाट अध्ययनरत विद्यार्थीहरुमा उद्यम सीप विकास भइ रोजगारीको अवसर सिर्जनामा मद्दत पुग्नेछ ।
१०. शैक्षिक क्यालेण्डर अनुसार पठन पाठन, विदा र परीक्षामा एकरुपता कायम गरिने छ।
११. दैनिक पठनपाठन तथा शैक्षिक सेवा प्रवाहमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिने छ।
१२. तोकिएको विद्यार्थी संख्या भन्दा वढी भएका विद्यालयलाई शिक्षक व्यवस्थापनका लागि अनुदान उपलब्ध गराइने छ।
१३. संघीय सरकारबाट छनौट भएका विद्यालय शिक्षा सम्बन्धी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
१४. बालविकास केन्द्रका सहजकर्ताहरुलाई मन्टेश्वरी तालिम र शैक्षिक सामग्री वितरण गरिनेछ।
१५. समूह सुपरीवेक्षण प्रणालीलाई प्रभावकारी बनाई विद्यार्थीको सिकाइ सुनिश्चितता गरिने छ।
१६. विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न विपन्न अपांग र टुहुरा बालबालिकालाई स्टेसनरी र पोशाकको व्यवस्था गरिने छ।
१७. न्युनतम विद्यार्थी संख्या नभइ फाजिलमा रहेका शिक्षकलाई विद्यार्थी संख्या धेरै भएका विद्यालयमा स्थानान्तरण गरिनेछ।
१८. एस.ई ई. दिइसकेका विद्यार्थीहरुलाई ब्रिज कोष तथा कम्प्यूटर तालिम संचालनको व्यवस्था मिलाइने छ।

१९. कक्षा १२ उत्तिर्ण गरेका विद्यार्थीहरुलाई लोक सेवा आयोगको तयारी कक्षा संचालन गर्ने व्यवस्था मिलाइने छ ।

२०. दलित, अतिविपन्न, अल्पसंख्यक, निमुखा परिवारका छात्रछात्राहरुलाई कक्षा १२ सम्म निशुल्क शिक्षा प्रदान गरिने छ ।

२१. सामूदायिक विद्यालयहरुको पूर्वाधार निर्माण, मर्मत सम्भार, सौचालय, पिउने पानी तथा किशोरीहरुका लागि नि:शुल्क सेनेटरी प्याड वितरणको कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

२२. विद्यालयमा बालबालिका अनुकुल फर्निचर, पुस्तकालय, सूचना प्रविधिको व्यवस्था गरिने छ ।

आ. स्वास्थ्य :

१. जनसंख्या, भूगोल, गाउँपालिकामा रहेको स्वास्थ्य संस्था, अवस्था, पहुच र गुणस्तर, उमेर समूहका आधारमा रोगको भार सूचक हेरेर गाउँपालिकाको स्वास्थ्य प्रणालीको विकास गरिने छ ।

२. एकीकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्ड अनुरुप भौगोलिक अवस्थिति, जनसंख्या र रणनीतिक क्षेत्र अनुसार नागरिकको सहज पहुँच हुने गरी स्वास्थ्य संस्थाको नक्सांकन गर्दै सेवाका आधारमा हरेक वडामा विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा पुऱ्याइने छ ।

३. संघिय सरकारवाट प्राप्त ससर्त कार्यक्रम र वजेट संग तालमेल हुने गरी सर्वव्यापी पहुँचको अवधारणा अनुसार पालिकावासीलाई निशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

४. गाउँपालिकावासीलाई प्रदान गरिने स्वास्थ्य सेवालाई व्यवस्थित गरी थप गुणस्तरिय र प्रभावकारी वनाउन गाँउपालिकाको स्वास्थ्य नीति र स्वास्थ्य ऐनलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइने छ ।

५. गाउँपालिकाले विनियोजन गर्ने श्रोतबाट स्वास्थ्य क्षेत्रको बजेट विनियोजनमा प्रथमिकता दिइने छ ।

४. स्थानीय स्वास्थ्य प्रोफाइल निर्माण गरी सबै नीतिमा स्वास्थ्य भन्ने मान्यताका साथ गाउँपालिको आवश्यकता र प्राथमिकता अनुसार स्वास्थ्य लक्ष्य निर्धारण गरी तथ्य र प्रमाणका आधारमा योजना, कार्यक्रम र बजेट तर्जुमा गरिने छ ।

५. आधारभूत स्वास्थ्य सेवा, आर्युवेद र बैकल्पिक चिकित्सा, मानसिक स्वास्थ्य लगाएत निरोधात्मक, प्रबर्द्धनात्मक, उपचारात्मक र पुर्नस्थापनात्मक सेवालाई एकिकृत रुपमा संचालन गरिने छ ।

६. नियमित स्वास्थ्य परिक्षण गर्न आधारभूत स्वास्थ्य सेवा केन्द्रमै प्रयोगशाला सुविधाको विस्तार गरिने छ ।

७. खोप केन्द्र गाउँघर क्लिनिक लगाएत समुदायमा आधारित सेवा र सामूदायिक महिला स्वास्थ्य स्वयसेविकाको दक्षता र अभिबृद्धि र उत्प्रेरणाका लागि कार्यक्रम संचालन गरिने छ ।

८. गाँउपालिकाका स्वास्थ्य संस्थाहरुमा रहेका ३ वटा एम्बुलेन्सहरुलाई व्यवस्थित रुपमा संचालन गरिने छ ।

९. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सुत्केरी सेवा, निशुल्क औषधी वितरण साथै प्रयोग शालामा लाग्ने शुल्क नि:शुल्क गरिदै लगिने छ र अन्य ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्रवाट आधारभूत स्वास्थ्य सेवा र कार्यक्रमलाई  प्रभावकारी वनाईनेछ ।

१०. बागरमा रहेको १५ सैयाको अस्पतालको निर्माण कार्य अन्तिम चरणमा रहेकोले आगामी आर्थिक वर्षमा संचालनमा ल्याइने छ ।

११. स्वास्थ्य सेवा संरचनालाई लैगिक मैत्री, जेष्ठ नागरिक मैत्री र अपांग मैत्री बनाइने छ ।

१२. निजी स्वास्थ्य संस्थालाई नियमित गर्दै सर्वसुलभ र गुणस्तरीय बनाइने, स्थानीय तहको जनस्वास्थ्य रणनीति अनुसार योगदानका लागि उत्प्रेरित र सहकार्य गरिने छ ।

१३. औलो, क्षयरोग, सिकलसेल एनिमिया तथा किशोरीहरुमा हुने रक्त अल्पता जस्ता समस्याको निराकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
१४. स्वास्थ्य संस्थामा नियमित गर्भ जाँच गराउनुका साथै स्वास्थ्य संस्थामै सुत्केरी गराउने दरलाई सतप्रतिशत पुर्याउने गरी सचेतना वा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
१५. स्वास्थ्य संस्थामा सुत्केरी हुने प्रत्येक महिलालाई २ सन्तान सम्मका लागि एक पटकमा ५ हजारका दरले सुत्केरी भत्ता उपलब्ध गराइने छ ।
१६. गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको निःशुल्क स्वास्थ्य विमाको व्यवस्था मिलाइने छ ।
१७. विद्यालय पोषण कार्यक्रम, सुत्केरी तथा बालबालिका लक्षित पोषण कार्यक्रम लगायतका पोषण लक्षित विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिकालाई पूर्ण खोपयुक्त गाउँपालिकाको रुपमा स्थापित गरिनेछ
१८. यौन तथा प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चित गर्नका लागि विद्यलयहरुमा साथी शिक्षकहरुको व्यवस्था गरिनेछ ।
१९. स्वास्थ्यमा सबै जनताको पहुँच अभिबृद्धि गर्ने उद्देश्यका साथ विभिन्न स्थानमा महिलाहरुको पाठेघर सम्बन्धी सेवा सहित स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ ।
२०. स्वच्छ वातावारण स्वस्थ्य चिन्तन अभियान सञ्चालन गरी सरसफाईलाई विशेष जोड दिइनेछ ।
२१. बाल स्वास्थ्य र मातृ शिशु स्वास्थ्यलाई घरदैलोमा पुऱ्याउन सबै वडामा सुनौला हजार दिन कार्यक्रम प्रभावकारी बनाइने छ ।
२२. कुपोषण न्यूनिकरण गर्न स्वास्थ्यबर्धक र गुणस्तरीय खाद्य पदार्थको उपभोगमा प्रोत्साहन गरिने छ ।
२३. दंगीशरण वडा नं. १ को फुर्केसल्लीमा र वडा नं. ६ को प्रसङ्ुवामा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउनको लागि सामूदायिक स्वास्थ्य इकाई स्थापना गरिने छ ।
२४. गर्भवती महिला, दीर्घ रोग भएका, अपांगता भएका र स्वास्थ्य संस्थामा पहुँच पुग्न नसकेको व्यक्तिलाई निःशुल्क नियमित परिक्षण, परामर्श, औषधी र उपचारको व्यवस्था मिलाइने छ ।
२५. ६० वर्ष माथिका नागरिकको सबै प्रकारका स्वास्थ्य परिक्षण र उपचार दंगीशरण गाउँपालिकाको स्वास्थ्य संस्थाहरुबाट निःशुल्क प्रदान गरिने छ ।
२६. जनस्वास्थ्यको सम्बन्धित विषयमा स्वास्थ्य सम्बद्ध संघ संस्था सँगग समन्वय गरी कार्यक्रम संचालन गरिने छ ।
२७. दृष्टि विहिनता निराकरण गर्नको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

**इ. खानेपानी तथा सरसफाई :**

१. भूमिगत खानेपानी डिप बोरिङ मार्फत र सतही खानेपानी श्रोतलाई उपयोग गरी घर  घरमा शुद्ध खानेपानी वितरण गरिने छ ।
२.स्वच्छ खानेपानी तथा सरसफाईको सरल, सहज पहुँच सबै गाउँबासीहरुलाई सुलभ रुपमा व्यवस्था गर्न निजी तथा सार्वजनिक धाराको संरक्षण र व्यवस्था गरिने छ ।
३. दलित, अल्पसंख्यक जाती मध्ये आर्थिक रुपमा विपन्न वर्गहरुलाई खानेपानी वितरणमा प्रयोग हुने सामाग्री निःशुल्क रुपमा उपलब्ध गराइनेछ ।
४. वाससँग सम्वन्धित वास प्लानका योजनाहरु निरन्तर रुपमा संचालन तथा तथ्यांक अद्यावधिक गरिने छ ।
५. खानेपानीको लागि डिप वोरिङ निर्माण एवं सञ्चालनमा ल्याइने छ ।
६. आगामी ५ वर्ष सबै गाउँपालिका बासीलाई सुद्ध खानेपानीको व्यवस्थाका संघीय,प्रदेश सरकारसँग समन्य गरी साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।
७. निर्माण भएका खानेपानीका संरचनाहरुको मर्मत संभार एवं स्तरोन्नति गरिने छ ।

८. खानेपानी सम्बन्धी काम गर्ने संघ संस्थाहरुसँग समन्वय र साझेदारीमा खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
९ खानेपानी तथा सरसफाई आयोजनाहरुमा आवश्यक पर्ने अन्य पूर्वाधार निर्माणमा सहयोग पुर्याइने छ ।

**ई. परम्परागत संस्कृती संरक्षण तथा सर्म्वद्धनः**

१. सबै जात जातिका परम्परागत जात्रा, पर्वको संरक्षण, संचालन तथा व्यवस्थापन गरिने छ ।
२. थारु सांस्कृतिक महोत्सब तथा माघि महोत्वसव लगायत अन्य सांस्कृतिक कार्यक्रमहरुको आयोजना गरी थारु संस्कृतिको प्रवर्द्धनका लागि विशेष पहल गरिनेछ ।
३. संकृति भाषा, साहित्य, चालचलन, गीत, संगित, रहनसहन, बाङमय, स्थानीय दर्शनको सुचीकरण, अध्ययन तथा अनुसन्धान गरी संरक्षण एवं प्रबर्द्धन गरिने छ ।
४. स्थानीय कला संस्कृतिको जगेर्ना गर्न चाडपर्व, उत्सव, मेला संगीतको जर्गेना गर्ने कार्यक्रम संचालन गरिने छ ।
५. पुरानो पाटी पौवा, मठमन्दिर, चैत्य, गुम्बाहरुलाई मौलिकतामा आधारित स्थानीय सामाग्रीबाट निर्माण गरी संस्कृतिको संरक्षण गरिने छ ।
६. चाड पर्व, उत्सव, मेला संगीत, नाँच आदिको जगर्ने गर्न स्थानीय युवालाई तालिम दिई जागरण कार्यक्रम संचालन गरिने छ ।
७. थारु संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्दै पर्यटन प्रवर्द्धन र आर्थिक समृद्धिसँग जोड्ने गरी गाउँपालिका भित्र थारु होमस्टे सञ्चालनका लागि प्रोत्साहन गरिने छ ।
९. पर्यटकीय क्षेत्रहरुको पहिचान झल्किने र अवस्थिति स्पष्ट देखिने गरी सार्वजनिक स्थानहरुमा नक्सा सहितका होडिङ्ग बोर्डहरु राखिने छ ।
१०. गााउँपालिका भित्र रहेका विभिन्न जात जातिका मौलिक परम्परा, गित, सस्ंकृतीहरुको लिपिवद्ध गरिनुका साथै डकुमेन्ट्री प्रकाशन गरिनेछ ।
११. सोरठी नाँच, तिज विशेष लगाएतका कार्यक्रमहरु संचालन गरी भाषा संस्कृतिको संरक्षण गरिने छ ।
१२. लोपउन्मुख बाजागाजाहरुको संरक्षण तथा व्यवस्थापन गरिने छ ।

**उ. लैगिंक समानता तथा सामाजिक समावेशिकरण :**

१. दंगीशरण गाउँपालिकामा लैगिंक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धि नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरुको संस्थागत क्षमता अभिवृद्धी गरीनेछ ।
२. दंगीशरण गाउँपालिकामा सामाजिक सद्भाव सुमधुर बनाउन तथा विद्यमान सबै प्रकारका भेदभावजन्य प्रचलन तथा व्यवहारलाई अन्त्य गर्न विभिन्न चेतनामुलक कार्यक्रमहरु संञ्चालन गरिनेछ ।
३. हिंसा प्रभावित र लक्षित वर्गको आर्थिक सशक्तिकरण तथा क्षमता अभिवृद्धीका लागि सिपमुलक तथा रोजगारमुलक कार्यक्रमहरु संञ्चालन गरी पूर्नस्थापना गरिनेछ ।
४. वाल विवाह तथा लैगिंक हिंसा न्यूनीकरण का लागि दंगीशरण गाउँपालिकाको ७ वटै वडाहरुमा चेतनामुलक कार्यक्रमहरु संञ्चालन गरिनेछ ।
५. दंगीशरण गाउँपालिकाको समाजिक समावेशी विकासको अभियानलाई सार्थक बनाउन महिला, अपाङ्ग, जेष्ठ नागरिक, वालकालिका आदि वर्गको लागी विशेष कार्यक्रमहरु संञ्चालन गरिनेछ ।
६. लैगिक समानता तथाा सामाजिक समावेशिकरण नीति प्रकाशन तथा कार्यान्वयनको कार्य अगाडी बढाइने छ ।
७. लैगिक समानता सामाजिक समावेशीकरण नीति स्वीकृत गरी सो नीति कार्यान्वयका लागि समिति तथा उप समिति गठन गरिने छ ।

८. पालिकाको योजना तथा सेवा प्रवाहलाई लैगिक तथा समावेशि वनाउनका लागि हरेक वर्ष लैगिंक समानता तथा समाजिक समावेशिकरण परिक्षण (GESI Audit) गरिनेछ ।

९. पालिका स्तर ,वडा स्तर तथा समुदाय स्तरमा गठन गरिने विभिन्न समितिहरु, उपसमितिहरु, उपभोक्ता समिति, दण्ड प्रभावित, समुह, संजालमा महिला ,दलित, अपाङ्गता भएका व्यक्तिहरु, यौनिक अल्पसंख्यक, सिमान्तकृत तथा पछाडि पारिएका वर्ग र समुदायको समानुपातिक र समावेशि सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गरिने छ ।

१०. लैगिंक हिंसा, सार्वजनिक स्थलमा महिला तथा किशोरी माथि हुने हिंसा, मानव वेचविखन लगायतका हानिकारक परम्परागत अभ्यास (वालविवाह, वहु विवाह, बोक्सी प्रथा, छुवाछुत) तथा अपराधजन्य कार्यलाई न्यूनीकरण र निरूत्साहित गर्न शुन्य सहनशीलताको नीति लिइनेछ ।

११. लैगिंक समावेशीताको आधारमा मनोविर्मशकर्ता र मनोविमर्श केन्दको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

१२. दण्ड प्रभावितहरुको तथ्यांक संकलन गरी उनीहरुको शिक्षा, स्वास्थ्य, रोजगारमा पहुँच भएको सुनिश्चित गरिने छ ।

१३. महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक र यौनिक तथा लैगिक अल्पसंख्यकहरुका तथ्याक संकलन गरी अध्यावधिक गरिने छ ।

१४. महिलाहरुलाई आत्म निर्भर बनाउन विभिन्न किसिमका सिप विकास तालिमहरुको आयोजना गरि महिलाहरुलाई व्यवसायिक बनाइने छ ।

१५. बालबालिकाहरुका लागि गाउँपालिका विभिन्न किसिमका बाल कार्यक्रमको आयोजना गरिने छ ।

१६. छोरी सम्मान कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा जन्मिने नवजात २ छोरी सन्तानलाई निजको उमेर १८ वर्ष हुदासम्म निजको बैक खाता खोली मासिक ३००।- रुपैया जम्मा गर्न कार्य विधि बनाई लागू गरिने छ ।

१७. शारीरिक रुपमा सुनाई र बोलाई कमजोर भएका नागरिकहरुको लागि विभिन्न किसिमका कार्यक्रम संचालन गरिने छ ।

१८. वेपत्ता परिवारलाई स्वास्थ्य विमा निःशुल्क गरिने छ ।

१९. एकल महिलाहरुको विशेष कार्यक्रम संचालन गरिने छ ।

२०. दलित समूदायको परम्परागत सिपलाई आधुनिकरण गर्नको लागि आत्मनिर्भर कार्यक्रम संचालन गरिने छ ।

२१. अपांग न्यूनिकरण कार्यक्रमको लागि फिजियो थेरापीको व्यवस्था मिलाइने छ ।

**ऊ यूवा तथा खेलकुद**

१. खेल क्षेत्रको प्रबर्द्धनका लागि पालिका स्तरमा एउटा खेलकुद मैदान निर्माण गरिने छ ।

२. क्रिकेट, भलिवल, फूटवल, लगाएतका खेलकुदहरुमा उचित प्रोत्साहनका कार्यक्रम संचालन गरिने छ ।

३. यूवाहरुलाई खेलकुद तर्फ आकर्षित गर्न खेलकुद गतिविधिहरु बढाइने छ ।

४. प्रत्येक वर्ष गाउँपालिका अध्यक्ष कप प्रतियोगिताको आयोजना गरी खेल क्षेत्रमा लाग्न यूवाहरुलाई प्रोत्साहन गरिने छ ।

५. यूवाहरुलाई खेल क्षेत्र प्रति आकर्षित गर्नको लागि एक वडा एक खेल मैदान निर्माण गरिने छ ।

## ग. पूर्वधार विकास सम्बन्धि नीतिहरुः

### अ.स्थानीय सडक, पुल तथा झोलुंगे पुलः

१. गाउँपालिका केन्द्रलाई बजारसम्म जोड्ने र गाउँपालिकाका वडाहरुबाट गाउपालिकाको केन्द्रसँग जोड्ने सडकहरुको निर्माणमा विशेष प्राथमिकता दिई सबै सडक कालोपत्रे गरिने छ ।

२. सडक नभएका स्थानहरुमा सडकको नयाँ ट्र्याक खोलिने छ भने निर्माण भएका सडकहरुको स्तरोन्नती गरी ५ वर्षमा सबै गाउँ टोलमा पक्की सडक पुऱ्याइने छ । यातायातको पहुँच नपुगेका वडालाई विशेष प्राथमिकतामा राखी सडक यातायात निर्माण गरिने छ ।

३. सडक पूर्वाधारको गुणस्तर र मर्मतमा विशेष ध्यान दिने, सडक दुर्घटनाको न्यूनिकरणका निम्ति सडक सुरक्षा निर्देशिकालाई कडाइकासाथ लागू गरिने छ ।

४. सडकमा अनिवार्य फुटपाथ र साइकल लेनको व्यवस्था गरी  पैदल यात्रु र साइकल मैत्री बनाइने छ ।

५. ग्रामिण क्षेत्रलाई शहरसँग जोड्न शहरी स्थानीय तहसँग सहकार्य गरी सार्वजनिक यातायातको पहुँच बढाइने छ ।

६.गाउँपालिकाको बृहत्तर विकास र समृद्धिका लागि अल्पकालीन, मध्यकालीन, दीर्घकालीन लक्ष्य सहितको यातायात गुरुयोजना तयार गरी विगतको अभ्यासमा रहेका टुक्रे योजनाहरुमा बजेट विनियोन गर्ने परम्परालाई अन्त्य गर्दै पूर्वाधार विकासमा केही ठुला र विशेष गौरवका योजनाहरु सञ्चालनमा ल्याइनेछ ।

७. सञ्चालनमा रहेका भौतिक योजनाहरुको निरन्तर सञ्चालनका लागि, मर्मत सम्भार कोषको स्थापना गरिनेछ ।

८. जनताको अपेक्षासँग प्रत्यक्ष रुपमा जोडिएको सडक पूर्वाधार विकासलाई विशेष प्राथमिकताका साथ सञ्चालन गरिनेछ । सञ्चालित सडक योजनाहरुको स्तरोन्नति गर्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ । सडक तथा अन्य भौतिक पूर्वाधारको विकास र स्तरोन्नतिमा स्थानीयको लागत सहभागितामा जोड दिदै साझेदारी विकासलाई प्रोत्साहन गरिने छ ।

८. विभिन्न स्थानमा पुल निर्माणका लागि संघीय तथा प्रदेश सरकारमा पहल गरिनेछ ।

९. आगामी ३ वर्ष भित्र आवश्यक सम्पूर्ण झोलुंगे पुल निर्माण सम्पन्न गर्न र आवश्यकता र माग अनुसार विशेष प्रकृतिका पर्यटकीय महत्वका झोलुंग पुल निर्माण गरिने छ ।

१०. दंगीशरण गाउँपालिकाका सबै बस्तीलाई समेट्ने गरी चक्रपथ निर्माणको सम्भाव्यता अध्ययन गरी प्रदेश तथा संघीय सरकारको सहयोगमा कार्य प्रारम्भ गरिनेछ र सडक लगायतका भौतिक पूर्वाधारको मापदण्ड निर्धारण गरिनेछ ।

११. उपभोक्ता समितिहरुलाई योजना सम्पन्न गर्न अपनाउनु पर्ने विधि प्रकृया लगायतका सम्पूर्ण विषयमा जानकारी हुने गरी प्रारम्भमै तालिम दिने व्यवस्था मिलाइनेछ । उपभोक्ताहरुले बुझ्ने गरी नेपाली अङ्ग्रेजी दुबै भाषामा लगत स्टिमेट तयार पार्ने व्यवस्था मिलाइनेछ ।

### आ.सिचांई तथा उर्जा

१. सिचाई हुन सम्भाव्य सबै जमिनमा बाह्रै महिना सिचाई हुने गरी सिचाई पूर्वाधार बढाउन आवश्यक व्यवस्था गरिने छ ।

२. बबई, चिरेगार, माया खोला लगाएत अन्य साना साना खोलाहरुबाट लिप्ट सिचाई योजना संचालन गरी सिचाईको व्यवस्था गरिने छ ।

३. सिचाईका लागि गरिने झाला प्रथाको अन्त्य गरी पक्की बाँध र पक्की कूलो निर्माण गरिने छ ।

४. निर्माण कार्य सम्पन्न नभएका डिप बोरिङ तथा संचालन हुन नसकेका डिप बोरिङ संचालनमा ल्याई बाह्रै महिना सिचाइको व्यवस्था गरिने छ ।

५. डिप बोरिङ र लिप्ट सिचाई संचालन गर्दा लाग्ने विद्युत महसुलमा केही प्रतिशत रकम अनुदानको व्यवस्था गर्नको लागि कार्यविधि बनाई लागू गरिने छ ।
६. परम्परागत रुपमा संचालनमा रहेका सिंचाइ कूलोलाई पक्की कूलो बनाइने छ ।
७. विद्युतीकरण हुन बाँकी सबै गाउँमा विद्युतीकरण गर्ने र सबै टोलमा विजुली बत्तीको व्यवस्था गरिने छ ।
८. उज्यालो दंगीशरण गाउँपालिकाको अवधारणालाई अगाडी बढाइने छ । पालिकाको मुख्य मुख्य सडकहरुमा सडक बत्तिको व्यवस्था गरिने छ ।
९. सिचाई सुविधा नभएका स्थानहरुमा लिप्ट सिचाईको व्यवस्था गरिने छ
१०. सुख्खा मौसममा सिचाईको व्यवस्था गर्नको लागि कुवा, बाँध, सिचाई ड्याम, पोखरी निर्माणकाम लाई अगाडि बढाइने छ ।
११. पानीको मुहान र जलाधार क्षेत्र संरक्षणको कार्यलाई प्राथमिकता दिइनेछ ।

**इ. भवन तथा सहरी विकास**

१. भवन मापदण्ड तथा भवन आचारसंहिता लागु गरि घर नक्सापास, घर अभिलेखिकरण तथा घर नियमित गर्ने कार्यलाई थप प्रभावकारी बनाइने छ ।
२. नयाँ बन्ने घरहरु भूकम्प प्रतिरोधत्मक बनाइने छ । भवन निर्माण गर्दा विपद जोखिम स्थानको पहिचान गरी आवास तथा बस्तीको गुरु योजना तय गरिने छ ।
३. एक गाउँ एक व्यवसायिक उत्पादन र कृषि उपज संकलन केन्द्रको निर्माण गरिने छ ।
४. टोलका सबै सार्वजनकि क्षेत्र, सरकारी कार्यालय, अस्पताल, शैक्षिक संस्था आदि अपांग मैत्री बनाइने छ ।
५. प्रत्येक गाउँमा सामूदायिक भवन र गाउँ मिलन केन्द्रको निर्माण गरिने छ ।
६. बाढी प्रभावित क्षेत्रको जोखिममा रहेका भवनहरुको संरक्षण गरिने छ ।
७. दंगीशरण गाउँपालिका भित्र रहेका खरको छाना रहेका घरहरुलाई खरको छाना मुक्त बनाइने छ भने विस्तारै खप्टालाई हटाई टिनको व्यवस्था गरिदै लगिने छ ।
८. एक वडा एक जेष्ठ नागरिक विश्राम स्थल भवन निर्माण गरिने छ ।

**घ. वातावरण संरक्षण तथा विपद् व्यवस्थापन सम्बन्धि नीतिहरुः**

१. भविष्यमा आई पर्ने विपद व्यवस्थापन र पूर्व तयारीका लागि पालिकामा विपद व्यवस्थापन कोषको स्थापना लगायत व्यवस्थापनको लागि चाहिने उपकरण, औजार एवं दक्ष जनशक्ति सहितको द्रुत सहायता कक्षको स्थापना गरिने छ ।
२. विपद जोखिम विश्लेषण तथा मूल्यांकन रोकथाम हुनसक्ने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा हुने विपद जोखिमलाई कम गर्ने नीति, रणनीति र कार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
३. प्रकृति अनुरुप हरेक प्रकोपको जोखिमको आकलन तथा नक्सांकन गरिने छ । पालिका स्तरमा आधारभूत खोज तथा उद्धार तालिम संचालन गरी सक्रिय बनाई विपदको समयमा छिटो छरितो राहात तथा उद्धार कार्यलाई प्रभावकारी बनाइने छ ।
४. जलवायु परिवर्तनको नकारात्मक असरलाई कम गर्न विज्ञहरुसँग छलफल गरी उचित योजना बनाएर काम गर्ने । विपद प्रभावितहरुको लागि राहात, पुणरनिर्माण, पुनस्थापनाको लागि प्रभाकारी तवरले काम गरिने छ ।
५. स्थानीय विपद तथा जलवायु उत्थानशील योजना (LDCRMP) अध्यावधिक गरिने छ । यस्ता योजना तयारी तथा कार्यान्वयन गर्न विकास साझेदार सस्थाहरु संग सहकार्य गरिनेछ ।

६. पूर्वाधार बनाउँदा वातावरण र विपद न्यूनिकरण गर्ने गरी आवश्यक स्थानीय वातावरणीय कानून र मापदण्ड बनाई कार्यान्वयनमा ल्याइने छ । विपद व्यवस्थापनको लागि आवश्यक सामाग्री र जनशक्तिको निर्माण र व्यवस्थापन गरिने छ ।

७. विपदहरुको रोकथाम तथा न्यूनिकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनलार्भका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन र महामारी नियन्त्रणको लागि आवश्यक बजेटको व्यवस्था गरी विपद् जोखिम न्यूनीकरणका लागि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

८. नदी कटानको जोखिम न्यूनीकरण गरी बस्ती तथा खेतीयोग्य जमिनको सुरक्षाको लागि कटान युक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

९. फोहरमैला व्यवस्थापनको उचित प्रवन्ध मिलाइनेछ । सरसफाई तथा फोहरमैला व्यवस्थापनका सन्दर्भमा विभिन्न सूचकहरु निर्धारण गरी सरसफाईयुक्त नमूना बस्ती घोषणा गरिनेछ र यस्ता बस्तीहरुलाई विशेष रुपमा प्रोत्साहित गरिनेछ ।

१०. जलवायू परिवर्तन, अनुकुलन तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धि तालिम तथा सचेतना कार्यक्रम संचालन गरिने र विपद प्रभावित क्षेत्रहरुबाट तथ्यांक संकलन गरी आवश्यक राहातके लागि व्यवस्था गरिने छ ।

११.पालिका भित्र रहेका सामूदायिक वनहरुको संरक्षणमा जोड दिइने छ ।

१२. पालिका भित्र रहेको जोखिम यूक्त ठाँउ र बस्तीको पहिचान गरी रोकथाम र हुन सक्ने खतराबाट जोगाउन विशेष जोड दिइने छ ।

१३. हरियाली दंगीशरण सफा दंगीशरणका कार्यक्रमहरु अगाडि बढाइने छ ।

## ङ. संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धि नीतिहरुः

### अ. क्षमता विकास तथा सेवा प्रवाहः

१. स्थानीय तह संस्थागत स्वमूल्यांकन निर्देशिका, २०७७ ले तय गरेका सूचकहरुमा देखिएका राम्रा अभ्यासहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।

२. पालिकाको समग्र योजनाबद्ध विकासको लागी मध्यकालिन खर्च संरचना सहितको आवधिक योजना निर्माण गरि यसैका आधारमा विषयगत रणनितिक योजना तथा वार्षिक योजना तयार गर्ने पद्धतिको विकास गरिनेछ ।

३. कर्मचारी प्रशासनलाई जवाफदेही, उत्तरदायी, प्रतिस्पर्धी र उत्प्रेरित गर्न कर्मचारीको मनोबल उच्च बनाउन गाउँपालिकाको काम कारबाही प्रकृयालाई चुस्त, दुरुस्त, मर्यादित र समयमै सम्पादन योग्य, बनाउने कर्मचारीको कामको तथ्यपरक मूल्याङ्कन गरी उत्कृष्टताका आधारमा गाउँपालिकाको तर्फबाट प्रोत्साहन स्वरुप पुरस्कृत तथा सम्मान उपलब्ध गराउने नीति लिइनेछ ।

४. गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास गर्न विभिन्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

६. गाउँपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन कार्यपालिका तथा सभाबाट गठित विभिन्न समितिहरुलाई जिम्मेवारी तोकी क्रियाशील बनाईनेछ ।

७. सुचना माथि सरल र सहज बनाउनका लागि पालिकाको बिद्युतिय पार्श्वचित्र (Digital profile) को अद्यवधिक गरी पालिकाको वेवसाइटमा राखिने छ ।

८. पालिका भित्र रहेका सबै टोलहरु समावेश गरेर टोल विकास संस्था गठन गरि योजना तर्जुमा, उपभोक्ता समिती गठन, सार्वजनिक परिक्षण तथा अनुगमन कार्यमा परिचालन गरिनेछ ।

९. स्थानिय पालिका भित्र रहेका विभिन्न सामुदायिक संस्थाहरुको संस्थागत विकास गरीनेछ ।

१०. पालिकाको लागि आवश्यक पर्ने विभिन्न नीति ,ऐन, कार्यविधि, निर्देशिका तथा नियमहरु बनाउँदा संघ, प्रदेश, विभिन्न संघ संस्थाहरु र स्थानीय बुद्धिजिवी तथा सरोकारवालासँगको सहकार्य र समन्वयमा बनाइने छ ।

११. विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गरिने छ ।

**आ. न्यायिक कार्य सम्पादन :**

१. न्यायिक काम कारवाहीलाई छिटो छरितो सरल, सहज र कम खर्चिलो रुपमा समाजमा हुने विवादलाई मेलमिलापको माध्यम बाट विवाद समाधान गरिनेछ ।

२. मिलापत्र भएको विवादहरुको कार्यान्वयनको पक्षका बारेमा वडा स्तरमा निगरानी समुह परिचालन गरिनेछ ।

३. ७ वटै वडा कार्यालयमा सामुदायिक मेलमिलाप केन्द्र स्थापना गरी मेलमिलापको माध्यम बाट विवाद समाधानमा जोड दिइनेछ ।

४. मेलमिलापकर्ता नभएको वडाहरुमा रोस्टरमा मध्यस्तकर्ता राखिएको मेलमिलापकर्ता सुचीकृत नभएसम्म सो लाई निरन्तरता दिइनेछ ।

५. मेलमिलापकर्तालाई मेलमिलाप सम्बन्धी प्रशिक्षण र पूर्णताजकी तालिमको व्यवस्था गरिने छ ।

६. हिंसा प्रभावित महिला, बालबालिका र जेष्ठ नागरीकहरुलाई सुरक्षित आवास (सेफ हाउस) अल्पकालिन रुपमा सुरक्षित बाँस, छोटो अवधिको सिपमुलक तालिम लगायत अन्य कार्यक्रम संञ्चालन गरिनेछ ।

७. लैगिक विभेदमा आधारित हिंसाका घट्नाहरु अभिलेखिकरण र विश्लेषण गर्ने र हिंसा सम्बोधन गरिनेछ ।

८. न्यायिक समितीलाई लैगिक हिंसा भित्रको संवेदनशिलतालाई व्यवस्थापन गर्नका लागि क्षमता अभिवृद्धि गरिनेछ ।

**इ. सूचना प्रविधि तथा संञ्चार :**

१. पालिकाका सेवा र सूचनाहरु अनलाइन मार्फत प्रशारण गर्ने र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधाहरुलाई विद्युतीय प्रणालीबाट उपलब्ध गराउने व्यवस्थालाई अझ प्रभावकारी बनाईनेछ ।

२. सेवा प्रवाहमा सार्वजनिक सुनुवाई, जनतासँग जनप्रतिनिधिको प्रत्यक्ष संवाद रेडियो कार्यक्रम, डिजिटल नागरिक वडापत्र, डिजिटल नोटिस बोर्ड र सामाजिक सञ्जाल लगायत विविध प्रविधिसँग जोडिनेछ ।

३. सूचना प्रविधिको उच्चतम प्रयोग सम्बन्धी वडा स्तरमा गई जनमानसमा सचेतनामूलक र अभिमुखीकरण कार्यक्रम गरिनेछ ।

४. पालिकाको सूचना प्रवाहका लागी एकद्वार प्रणाली अपनाईनेछ र सुचना अधिकारी मार्फत जानकारी गराई सुचना प्रदान गरिनेछ ।

५. पालिकामा बनेका ऐन, नियमावली, कार्यविधिहरु वेवसाइडमा राखिनेछ ।

६. सुचनाको हकको प्रत्याभूति गराउदै गाउँपालिकाभित्र एक विद्युतीय सूचना केन्द्रको स्थापना गरिनेछ ।

७. रेडियो, टेलिभिजन, अनलाईन संचार माध्यमको उपयोग गरी योजना कार्यान्वयन र सेवा प्रवाहलाई प्रभावकारी बनाइने छ ।

**ई. पञ्जीकरण, स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापनः**

१. गाउँपालिकालाई आवश्यक पर्ने तथ्यांकहरु संकलन गर्न सम्बन्धित शाखा र सहयोगी संघ संस्थाहरुको सहकार्यमा दस्तावेजिकरण गरिने छ ।

४. सामाजिक उत्तरदायित्वलाई बढवा दिन नागरिक समाज, सामूदायिक संस्था र गैर सरकारी संस्थाको पहिचान गरी परिचालन गरिने छ ।
५. पञ्जीकरणलाई व्यवस्थित गर्न र तथ्यांक अध्यावधिक गर्नका लागि पञ्जिकरण दर्ता शिविर संचालन गरिने छ ।
६. सामाजिक सुरक्षा भत्ता वडा नंवर १, २, ५, ६ र ७ मा वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइने व्यवस्था मिलाइने छ ।
७. व्यक्तिगत घटना दर्ता प्रणालीलाई व्यवस्थित बनाई अनलाईनबाट सेवा लिन सक्ने व्यवस्था गरिने छ ।
८. श्रवण शक्ति गुमाएका नागरिकहरुलाई उनिहरुको श्रवण क्षमता मापन गरी निःशुल्क एरफोनको व्यवस्था गरिने छ ।

**उ. अनुसन्धान तथा विकास**

१. ठूला पूर्वाधार निर्माण तथा प्राकृतिक स्रोत उपयोगमा वातारणीय अध्ययनलाई अनिवार्य गरिनेछ ।
२. गाउँपालिका समग्र विकासको अ ध्ययन गरी कार्यक्रम तर्जुमा गरिने छ ।

**ऊ. सुशासन प्रवर्द्धन :**

१. गाउँपालिकाबाट सञ्चालन गर्ने क्रियाकलापहरुमा नवप्रवर्तन (Innovation) लाई जोड दिइनेछ ।
२. पालिकाले प्रदान गरिने सेवालाई सर्वसुलभ, छरितो र प्रबिधिमैत्री बनाइनेछ । सेवाग्राहीको पृष्ठपोषण लिने पद्धतिलाई संस्थागत गर्दै, नागरिक समाज र सरोकारवलाहरूबाट प्राप्त गुनासोको तत्काल समाधान गर्ने ब्यवस्था मिलाइने छ .
३. पालिकाको चौमासिक रुपमा नागरिक समाजका सस्थाहरु संग अन्तरक्रिया गरि सुझावहरु लिइनेछ र यस पालिकामा काम गर्ने विकास साझेदारहरु, गैसस तथा नागरिक समाज संग समेत चौमासिक रुपमा विकास गतिविधिको समिक्षा गदै सिकाई आदान प्रदान गर्ने कार्यलायई प्राथमिकताका साथ लागू गरिनेछ ।
४. सेवा प्रवाहको न्यूनतम मापदण्ड नमुनाको रुपमा तयार गरि सो को कार्यान्वयन प्रणाली वनाई सर्वसुलभ सेवा प्रवाह गरिनेछ ।
५. विपन्न तथा सेवामा सर्वसुलभ पहुच नपुगेका समुदायहरुलाई सरल र सहज सेवा लिन सहयोग पुर्याउन गाउँपालिका तथा वडा स्तरमा समेत हेल्प डेस्क स्थापना गरी संचालन गरिनेछ ।
६. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवा, विकास कार्यहरुको प्रभावकारी रुपमा संचालन गर्न, गराउन सेवाग्राहीहरुबाट सुझाव संकलन, गुनासो व्यवस्थापन, र नागरिक वडापत्र सम्बन्धी कार्यलाई आधुनिक प्रविधिमैत्री बनाई चाँडो भन्दा चाँडो सम्बोधन गर्ने प्रणालीको स्थापना एवम् संचालनको व्यवस्था मिलाइनेछ । यस कार्यलाई वडास्तरमा समेत विस्तार गरिनेछ ।
७. सार्वजनिक सेवाको गुणस्तर, कार्यशैली र व्यवहारको लेखाजोखा गर्न सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, लैङ्गिक उत्तरदायी बजेट जस्ता विधि तथा औजारहरुको प्रयोग गरिनेछ ।
८. गाउँपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शााखा वा ईकाईको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री बनाइने छ । त्यसको लागि आवश्यक पर्ने कागजात, लाग्ने समय, प्रकृया र दस्तुर समेतको जानकारी हुने गरी मोबाइल एप्सको निर्माण गरिनेछ । यस्तो एप्सलाई गाउँपालिका सम्बन्धी जुनसुकै जानकारी प्राप्त गर्न सकिने स्रोतका रुपमा स्थापित गरिनेछ ।

९. सार्वजनिक सुनुवाइ सामाजिक परीक्षण तेस्रो पक्ष अनुगमन सामुदायिक स्कोर कार्ड जस्ता विधिहरुको प्रयोग गरी सुशासन, पारदर्शिता अभिबृद्धि गरिनुका साथै भ्रष्टाचार बिरुद्धको शून्य सहनशीलतामा जोड दिइनेछ ।

१०. वित्तीय तथा आर्थिक अनुशासन कायम गर्न र छिटो छरितो सेवा प्रवाह गर्न प्रशासनिक क्रियाकलापमा प्रविधिको प्रयोगमा जोड दिइनेछ । लेखा, राजस्व, जिन्सी तथा जनशक्ति व्यवस्थापन लगायतका कार्यहरुलाई समेत सफ्टवेयरमा आधारित बनाइनेछ ।

११. वेबसाइट, अडियोभिजुअल सूचना पाटी तथा नागरिक वडापत्रको उपयोगलाई प्रभावकारी बनाइने छ ।

१२. वडा कार्यालय सम्म भरपर्दो इन्टरनेट सुविधा बिस्तार गरी सम्पत्ती कर, घटना दर्ता, सामाजिक सुरक्षा विवरण, दर्ता नवीकरण लगायतका कार्यहरुलाई वडास्तरबाटै सञ्चालन गरिनेछ ।

१३. अनुगमन प्रणाली, तथ्याङ्क संकलन तथा सुशासन प्रवर्द्धन जस्ता विषयलाई विद्युतीय माध्यामको प्रयोग गरी बढीभन्दा बढी अनलाइनमा आधारित बनाइनेछ ।

१४. कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ । कर्मचारी तथा जनप्रतिनिधिहरुलाई सेवाग्राही मैत्री बनाउन उत्प्रेरणात्मक तथा सकारात्मक सोच सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५. दंगीशरण गाउँपालिकाको स्रोत नक्साङ्कन, घर नम्बरिङ कार्यको सुरुवात गर्नुका साथै पारिवारिक विवरण संकलनको कार्य प्रारम्भ गरिनेछ ।

१६. दङ्गीशरण गाउँपालिकाका सबैजसो कार्यलाई डिजिटलाइज गर्ने गरी तयारी गरिनेछ ।

१७. गाउँपालिकाको समग्र विकासलाई एकीकृत रुपमा अगाडी बढाउन गाउँपालिका, साझेदारी संघियता सहयोग कार्यक्रमको प्रविधिक सहयोग तथा अन्य गैरसरकारी संस्थाहरुसँगको सहकार्यमा ६ महिनाभित्र गाउँपालिकाको आवधिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याई गा.पा.लाई आवश्यक पर्ने कार्यक्रम तथा कानूहरु निर्माण गरिने छ ।

१८. विनियोजन कुशलतालाई प्रभावकारी र दिगो बनाउन मध्यकालिन खर्च संरचना तयार गरिने छ ।

१९. उपभोक्ताको अधिकारलाई सुनिश्चत गर्न आवश्यक पहल गरिने छ ।

२०. गैरसरकारी संघ संस्थाहरुको कार्यक्रम पालिकामा संचालन गर्दा कार्यविधि बनाई एकद्वार प्रणालीबाट संचालन गरिने छ ।

**ए. वित्तीय अनुशासन तथा आन्तरिक राजश्व परिचालन :**

१.करका श्रोत अनुसार निश्चित कर कानून बनाई कर तथा गैर कर राजश्वको आधार र संरचनाको विकास गरिने छ ।

२. राजश्व परामर्श समितिबाट अपेक्षा अनुरुप राजश्व असुली भए नभएको चौमासिक रुपमा समीक्षा गरी परिचालन तथा प्रभावकारी उपायहरुको आबलम्वन गरिनेछ ।

३.जनताको क्षमता अनुकुल प्रगतिशिल करको दररेट निर्धारण, करको विवरण, निर्धारण, गुनासो र दाखिलालाई सहज र करदाता मैत्री बनाइ अनलाइको प्रयोग गरिने छ ।

४. अनलाईन वित्तिय सूचना अद्यावधिक र विश्लेषण गरी राजश्वका नविन श्रोत पहिचान र परिचालन गरिने छ ।

५. सम्पत्ति कर सम्बन्धी व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गरिनेछ । यो लगायतका अन्य जुनसुकै कर तथा राजश्वहरु सम्बन्धित वडा कार्यालयहरुबाटै भुक्तानी गर्न सकिने गरी प्रबन्ध मिलाइनेछ ।

७. गाउँपालिकाको राजस्व प्रशासन सुधारको लागि राजस्व सुधार योजना तर्जुमा गरी कार्यन्वयनमा ल्याइनेछ ।

८. आर्थिक ऐनलाई समय सापेक्ष पुनरावलोकन तथा संशोधन गरि कर तथा गैरकर राजस्व सम्बन्धि ऐन तर्जूमा गरिनेछ ।
९. बेरुजु न्यूनीकरणका लागि लेखा व्यवस्थापन, वित्तीय अनुशासन र कानूनको परिपालनामा जोड दिनुका साथै कायम भएका बेरुजु फछ्र्यौटका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
१०. आन्तरिक लेखा नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ ।
११. भूमिकर (मालपोत) जमीनको स्थान, प्रयोग र गुणस्तरको आधारमा लागू गरिने छ ।
१२. भूमिको परिमाणको आधारमा प्रगतिशील करको दर लागू गरिने छ ।
१३. भूमि कर र प्रदेशको कृषि कर दोहोरो पर्न सक्ने जोखिम न्यूनीकरण गर्ने नीति अबलम्बन गरिने छ ।
१४ कर शुल्कको दर करदाताको क्षमता र पालनालाई मध्ये नजर गरी निर्धारण गरिने छ भने संघिय, प्रदेश र स्थानीय तहको अन्य करसँग दोहोरो नपर्ने गरी निर्धाण गरिने छ ।
१५. आवधिक रुपमा नयाँ कर शुल्कहरुको सम्भाव्यताको अध्ययन गरी श्रोतको अभिबृद्धि गरिने छ ।
१६. ढुंगा, गिट्टी, बलुवा जस्ता नदीका श्रोतमा आधारित निर्माणजन्य प्राकृतिक श्रोतको उत्खनन्, संकलन, प्रशोधन, र विक्रि वितरण सम्बन्धमा छुट्टै संघीय छाता कानून जारी गर्न पहल गरिने छ ।
१७. मध्यकालिन खर्च संरचना मार्फत बजेट र खर्चको व्यवस्थापन गरिने छ ।
१८. स्थानीय तहको राजश्वलाई सूत्र प्रणालीमा आबद्ध गरिने छ ।
१९. वित्तिय विवरणको शुद्धता र विश्वसनीयता अभिबृद्धि गर्दै आवधिक रुपमा सार्वजनिक गरिने छ ।
२०. सार्वजनिक खरिद कानूनको पूर्णरुपमा पालना गरिने छ ।
२१. लेखापरिक्षण, बेरुजु फछ्र्यौट र वेरुजु उपर कारवाही गर्ने कानून र संयन्त्र बनाई लागु गरिने छ ।
२२. कवाडी संकलहरुलाई करको दायरमा ल्याइने छ ।

**(च) विविधः**

**क) आकमिस्क हुन सक्ने संकट व्यवस्थापन**

१. आकस्मिक रुपमा फैलन महामारी रोगबाट उत्पन्न हुने संकट व्यवस्थापनका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

**ख) भूमि व्यवस्थापन**

१. दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीहरुलाई आगामी आर्थिक वर्षमा जग्गा धनी लालपूर्जा वितरणको लागि आवश्यक पहल गरिनेछ ।
२. बास्तविक सुकुम्वसीको पहिचान गरी निजहरुको घरवासको लागि जग्गा उपलब्ध गराइने छ ।
३. भू उपयोग तथा व्यवस्थापन अर्न्तगत पालिका भित्र रहेको भुमि व्यवस्थाको समग्र स्थिती पहिचान गरी एकिकृत अभिलेख राख्ने कार्यको थालनी गदै वडा भित्रका सार्वजनिक जग्गाको खोजी गरी संरक्षण गरिनेछ ।
४. जमिनको खण्डीकरण गर्ने र जमिनलाई बाँझो छोड्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
५. उत्पादनसिल कृषि भूमिको संरक्षण गरी भूमि व्यवस्थापन अन्तर सन्ततीय समन्यायको सिद्धान्त कार्यान्वयन गर्न भू उपयोग योजना तर्जुमा गरी कार्यान्यन गरिने छ ।
६. कृषिमा आधारित ग्रामिण अर्थ व्यवस्था भएको हाम्रो मुलुकमा भूमिको उचित उपयोग गरी प्रति इकाई क्षेत्रफलबाट अत्यधिक लाभ लिने गरी भू उपयोग नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

**र अन्तमा,**

यो नीति तथा कार्यक्रम तयार पार्न सल्लाह सहयोग प्रदान गर्नुहुने सम्पूर्ण वडा अध्यक्ष, कार्यपालिका सदस्य, जनप्रतिनिधि, वुद्धिजीवी, दंगीशरणवासी जनसमुदाय, पत्रकार, सुझाव दिने विभिन्न संघ संस्था, तथा कर्मचारी वर्गहरुमा हार्दिक आभार प्रकट गर्दछु र आगामी दिनमा यो नीति तथा कार्यक्रम कार्यान्वयनमा समेत यहाँहरु सवैको साथ सहयोगको अपेक्षा राख्दछु ।

धन्यवाद !

शम्भु गिरी
(अध्यक्ष)
दंगीशरण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ